# नेपाल राजपत्र

## भाग ५

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख १८ गते २०३० साल


### श्री ५ को सरकार
### कानून तथा न्याय मन्त्रालय

नेपालमा राष्ट्रिय आर्थिक व्यवस्था विकासका लागि श्री ५ को सरकार र जनवादी गणतन्त्र चीन सरकारको बीच ०२९ साल मार्ग ३ गते (तदनुसार सन् १९७२ नवेम्बर १८) मा भएको अनुदान सहायता सम्बन्धी सम्झौताको प्रमाणिक रूप नेपाली, चिनियाँ र अंग्रेजी भाषा भएकोमा त्यसको नेपाली र अंग्रेजी भाषाका प्रतिहरू सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### जनवादी गणतन्त्र चीन सरकारले श्री ५ को सरकार नेपाललाई केही आयोजनाहरूको निमित्त अनुदान सहायता प्रदान गर्ने सम्बन्धमा भएको सम्झौता

श्री ५ को सरकार नेपाल र जनवादी गणतन्त्र चीन सरकारले दुई देशका बीच रहेको मैत्रीपूर्ण सम्बन्ध तथा सहयोगलाई अरू विकसित पार्ने हेतुले सरसल्लाहद्वारा निम्नलिखित धाराहरू अनुसार यो सम्झौता गरेका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

21

## धारा एक

राष्ट्रिय आर्थिक व्यवस्था विकास गर्ने श्री ५ को सरकार नेपालको आवश्यकतानुसार जनवादी गणतन्त्र चीन सरकारले देहायका आयोजनाहरू निर्माण गर्न श्री ५ को सरकार नेपाल-लाई अनुदान सहायता दिन मञ्जूर गर्दछ ।

(१) काठमाडौंदेखि भक्तपुरसम्मको ट्राली बसलाईन (trolley bus line)

(२) काठमाडौं ईंट टायल कारखानाको बिस्तार गर्ने अथवा नयाँ टायल कारखाना-को निर्माण गर्ने (उत्पादन क्षमता २ करोड वटा ईंट)

(३) कपडा बुन्ने, बुट्टा छाप्ने र रङ्ग लाउने कारखाना (क्षमता १५ हजार स्पिन्डल (spindles), अन्दाजी ४८० वटा कपडा बुन्ने मेशीन र त्यत्तिकै बुट्टा छाप्ने र रङ्ग लाउने उपकरणहरू)

(४) गोरखादेखि नारायणगढसम्मको राजमार्ग

उपर्युक्त आयोजनाहरू पूर्णरूपले कार्यान्वित गर्ने कार्यविधिको सम्बन्धमा दुवै पक्षले पछि छलफल गरी कागज-पत्रमा हस्ताक्षर गर्नेछन् ।

## धारा दुई

जनवादी गणतन्त्र चीन सरकारले उपर्युक्त आयोजनाहरूको निर्माणमा लाग्ने स्थानीय खर्च बेहोर्नको लागि स्थानीय मुद्राको सट्टामा साधारण माल-सामानहरू प्रदान गर्नेछ । पूर्णरूपले कार्यान्वित गर्ने विधि दुवै सरकारद्वारा पछि छलफल गरी निर्णय गरिनेछन् ।

## धारा तीन

उपर्युक्त आयोजनाहरू कार्यान्वित गर्नको निम्ति जनवादी गणतन्त्र चीन सरकारले चाहिंदो संख्यामा इन्जिनीयरहरू र प्राविधिज्ञहरू नेपालमा काम गर्न पठाउनेछ । चिनियाँ इन्जिनीयरहरू र प्राविधिज्ञहरू नेपालमा आफ्नो कार्य अवधिमा श्री ५ को सरकार नेपालले उनीहरूको लागि काम सम्बन्धी सुविधा प्रदान गर्नेछ र उनीहरूले तिर्नु पर्ने कर-रकमहरू पनि व्यहोर्नेछ ।

## धारा चार

यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू भएको मानिनेछ । दुवै पक्षले यो सम्झौतामा तोकिएका सबै सम्बन्धित कर्तव्य कार्यान्वित नगरुन्जेल यो सम्झौता लागू हुनेछ ।

मुकाम पेकिंग सन् १९७२ नवेम्बर १८ तारीखका दिन नेपाली, चिनियाँ र अंग्रेजी भाषामा प्रत्येकको दुई दुई प्रतिमा सबै बराबर किसिमले प्रमाणित हुने गरी यो सम्झौतापत्रमा हस्ताक्षर गरियो ।

| | |
|---|---|
| द।........ | द।....... |
| श्री ५ को सरकार नेपालका | जनवादी गणतन्त्र चीन सरकारका |
| सर्वाधिकार सम्पन्न | सर्वाधिकार सम्पन्न |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# AGREEMENT ON PROVIDING GRANT AID FOR COMPLETE PROJECTS TO HIS MAJESTY'S GOVERNMENT OF NEPAL BY THE GOVERNMENT OF THE PEOPLE'S REPUBLIC OF CHINA

His Majesty's Government of Nepal and the Government of the People's Republic of China, for the purpose of further developing the friendly relations and co-operation between the two countries, have through consultations agreed on the following:

## Article I

In accordance with the needs of His Majesty's Government of Nepal in developing its national economy, the Government of the People's Republic of China undertakes to provide His Majesty's Government of Nepal as a grant with the following complete projects

1. A trolley bus line from Kathmandu to Bhaktapur;
2. An extension of the Brick and Tile Works in Kathmandu, or the construction of a new brick works, with a capacity of 20 million bricks for either cases;
3. A cotton spining, weaving, printing and dyeing mill with a capacity of 15,000 spindles, about 480 looms and corresponding printing and dyeing equipment; and,
4. A highway from Gorakha to Narayangarh

Details concerning the execution of the said projects shall be discussed and set forth in documents to be signed between the two sides.

## Article II

The Government of the People's Republic of China shall provide general commodities to be sold in the local currency for use in defraying the expenses incurred for the construction of the said projects. Provisions implementation shall be agreed upon by the two Governments th mutual consultations.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## Article III

The Chinese Government shall despatch a necessary number of engineering and technical personnel to work in Nepal for implementing the said projects. During the period of their service in Nepal, His Majesty's Government of Nepal shall provide the Chinese engineering and technical personnel with facilities for the performance of their work and shall undertake to pay the duties and taxes due from them.

## Article IV

This Agreement shall come into force on the date of its signature and shall remain in force until the fulfilment by the two Governments of all their respective obligations under this Agreement.

Done in duplicate in Peking on November 18, 1972 in the Nepalese, Chinese and English languages, all three texts being equally authentic.

| | |
|---|---|
| Plenipotentiary<br>of His Majesty's<br>Government of Nepal | Plenipotentiary<br>of the Government of the<br>People's Republic of China |

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

भाव
हस्ताक्ष
श्री

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

28